# सर्वोच्च अदालतको प्रेस विज्ञप्ती

सर्वोच्च अदालतका पूर्व न्यायाधीश सुशीला सिंह "सिलु" को सम्वत् २०७७ साल जेठ ०९ गते शुक्रवार भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं। पूर्व न्यायाधीश सिंहको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति भएको छ। सर्वोच्च अदालतको न्यायाधीशका रुपमा कार्यरत रहँदा नेपालको न्यायपालिकाको श्रीबृद्धिका लागि उहाँले पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको छ । उहाँले न्याय र कानूनको क्षेत्रमा पुऱ्याउनु भएको योगदानको उच्च सम्मान गर्दछौं। उहाँले न्याय र कानूनको क्षेत्रमा पुऱ्याउ नुभएको योगदान सदैव स्मरणीय रहिरहने छ। विशेष गरी देवानी र फौजदारी कानूनका क्षेत्रमा विशेष दखल राख्ने एक निर्भिक, अत्यन्त मिलनसार, सहृदयी, मृदुभाषी, न्यायका मर्मज्ञ, कानूनका ज्ञाता एवम् अनुभवी न्यायिक व्यक्तित्वका रुपमा रहनु भएका स्वर्गीय सिंह न्याय र कानूनका क्षेत्रमा स्थापित व्यक्तित्व हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

काठमाडौं जिल्लाको सोह्रखुट्टेमा सम्वत् १९९६ साल फागुन २२ गते जन्मनु भएका पूर्व न्यायाधीश सिंह २०५८ साल वैशाख ०६ गतेदेखि सर्वोच्च अदालतको अस्थायी न्यायाधीशमा नियुक्त हुनुभएको र २०५९ पुस १५ गते सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त भई मिति २०६१।११।२२ देखि उमेर हदका कारण अवकाश प्राप्त गर्नुभएको थियो।

नेपालको सर्वोच्च अदालतको प्रथम महिला न्यायाधीशका रुपमा रहनु भएका स्वर्गीय सिंहको निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। यस दुःखद् घडीमा उहाँको आत्माको चीर शान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्ने भनी सर्वोच्च अदालतको आज मिति २०७७।०२।११ मा बसेको आकस्मिक पूर्ण बैठकले निर्णय गरेको बेहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

देवेन्द्र ढकाल
सह-प्रवक्ता

मिति : २०७७।०२।११